# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

वेबसाईट: www. mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com


प.सं.:-२०८२/०८३
च.नं.:-१४५१

मिति :-२०८२।१२।१९

**दलित समुदायको लागी खरको छाना बिस्थापन गरी घर निर्माण सम्बन्धी १५ दिने सुचना ।**

श्री जो जस सँग सम्वन्ध छ ,

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिका पकडी कपिलवस्तुको आ.व.२०८२।०८३ को विशेष अनुदान कार्यक्रम अन्तरगत विपन्न दलित जातीको लागी खरको छाना मुक्त कार्यक्रम अन्तरगत मायादेवी गाउँपालिका पकडी कपिलवस्तुको खरको छाना मुक्त कार्यक्रम संचालन कार्यविधि २०८२ अनुसार देहायका शर्तमा पर्ने विपन्न दलित सेवाग्राहीले आफू वासोवास गरेको वडाको वडा कार्यालयमा अनुसुची १ वमोजिम यो सुचना प्रकाशित भएको १५ दिन भित्र कार्यालय समयमा निवेदन दिनु हुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**आवेदन दिने आधार र शर्तहरु**

१) आवेदनकर्ता दलित समुदायको भएको ,
२) नेपाली नागरिक भएको ,
३) स्थायी वासोवास देखिने प्रमाण भएको (नेपाली नागरिकतको प्रमाणपत्र ,विजुली बिल, लालपुर्जा खानेपानीको बिल वा सम्बन्धित वडावाट स्थायी वासोवास प्रमाणित कागजात आदि) ,
४) घरको छाना खरको र दिवाल खरको वा माटोको भएको हुनु पर्ने , (ए ४ साइजको रंगीन फोटो) ,
५) गरीबको रेखामुनि रहेको सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भएको ,
६) आवेदनकर्ताको नाउँमा दर्ता रहेको जग्गा धनी दर्ताको प्रमाण पुर्जा (जग्गा भएमा मात्र),
७) आवेदकको घरको स्वामित्वको प्रमाणित कागजात भएको ,
८) आवेदकको घर निर्माणको कुनै बिवाद वा जोखिम नभएको ( दफा १२ बमोजिम) ,

..................०८२।१२।१९
नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

**नोट** : अनुसुची १ बमोजिमको निवेदन फारम सम्बन्धित वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ। निवेदन दिदा माथी उल्लेखित आवेदन दिने आधार र शर्तहरु बमोजिमको कागजातको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । गलत वा झुठ्ठा बिवरणको निवेदन दिई सेवा लिएमा नियमानुसार कानुन बमोजिम कारवाही गरी सम्बन्धित व्यक्तिबाट असुलउपर समेत गरिनेछ । अन्य कुरा कानूनमा तोकिए बमोजिम हुनेछ ।



Scanned with CamScanner

## अनुसूची १

(दफा ५ को खण्ड (ग) सँग सम्बन्धित)

**निवेदनको ढाँचा** मिति : ..............................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
मायादेवी गाउँपालिका पकडी कपिलबस्तु ।

**विषयः खरको छाना (छप्पर) मुक्त कार्यक्रम अन्तरगत घर निर्माण सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "मायादेवी गाउँपालिका पकडी कपिलबस्तुको खरको छाना (छप्पर) मुक्त कार्यक्रम संचालन कार्यबिधि २०८२को दफा ५ को खण्ड (ख) बमोजिम" त्यस मायादेवीगाउँपालिकाको कार्यालयपकडी कपिलबस्तुवाट मिति...................................प्रकाशित सूचना बमोजिम लाभग्राहीको छनौटका आधारहरु भिन्त्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोवासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहर कानून वमोजिम सहुँला बुझौला।

**तपशिल :-**

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोवास गर्दै आएको घरको छाना पराल/खर/ स्याउला/आसवेसटस आदि आगो, पानी तथा हरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको फोटो। | छ ☐ /छैन ☐ |
| ३ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ५ | गरिवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ६ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

**निवेदकको :-**
सही :-
नाम/थर :-....
बुवा/पति/पत्नीको नाम
बाजे ससुराको नाम :-..
गाउँ/टोल
सम्पर्क मोबाईल नं..

| निवेदकको औंठा छाप | |
|---|---|
| दाया | बाया |
| | |

**नोटः**- एउटै चुल्होमा पकाएर खानाखाने तया एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ।खाना पकाउने अर्को चुलो भाएको र छुट्टिएर बसेकाहरुलाई सगोलको परिवार मानिदैन। एउटासगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा यो कार्यक्रमवाट वंचित गरी कानूनी कारवाही गरिनेछ।

Scanned with CamScanner